

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन १३ गते शनिबार ❑ 25 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## राष्ट्रपतिमा कांग्रेसलाई समर्थन गर्ने आठ दलको निर्णय

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) लगायत आठ दलको बैठकले नेपाली कांग्रेसका उम्मेदवारलाई आगामी राष्ट्रपतिको निर्वाचनमा समर्थन गर्ने निर्णय गरेको छ।

शुक्रबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको आठदलीय बैठकले सो निर्णय गरेको नेकपा (एकीकृत समाजवादी) का नेता प्रकाश ज्वालाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'आज प्रधानमन्त्रीज्यूले सत्तामा रहेका र सत्ताबाहिर रहेका आठ दलको बैठक बोलाउनुभएको थियो, त्यो बैठकमा एउटै ' एजेन्डा' राष्ट्रपतिको निर्वाचनको सम्बन्धमा मात्रै छलफल भयो, प्रधानमन्त्रीले ठूलो दलको हैसियतले कांग्रेसलाई राष्ट्रपतिको चुनावमा सहयोग गर्ने प्रस्ताव गर्नुभयो, त्यसमा हामीले सहमति जनाएका छौं।'

व्यक्तिगतरूपमा कसलाई राष्ट्रपति बनाउने भन्ने विषयमा कांग्रेस पार्टीले नै छनोट गर्ने उहाँको भनाइ थियो । बैठकपछि प्रधानमन्त्री दाहालको भनाइ उद्धृत गर्दै नेता ज्वालाले भन्नुभयो, 'आजदेखि नयाँ राजनीतिक यात्रा सुरु भएको छ, यसलाई अगाडि बढाऔँ, सबै दलहरु मिलेर जाऔँ र राष्ट्रको समृद्धि, राष्ट्रिय स्वाधीनतालगायतका विषयमा एकताबद्ध भएर जानुपर्छ, सत्ता समीकरणको विषयमा पनि एकताबद्ध भएर जाऔँ।'

उपराष्ट्रपतिको निर्वाचनको सवालमा भने कुनै छलफल नभएको उहाँले जानकारी दिनुभयो। आठ दलभित्र नेपाली कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी, राष्ट्रिय जनमोर्चा र नागरिक उन्मुक्ति पार्टी रहेका छन्।

बैठकमा माओवादी केन्द्रबाट प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहित जनार्दन शर्मा, कांग्रेस सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति पूर्णबहादुर खड्का, जसपा अध्यक्ष उपेन्द्र यादव, नेकपा एसका नेता घनश्याम भुसाल, लोसपाका अध्यक्ष महन्थ ठाकुर, जनमतका वरिष्ठ उपाध्यक्ष अब्दुल खाँ र नागरिक उन्मुक्ति पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ सहभागी हुनुभएको थियो । निर्वाचन आयोगले शनिबार राष्ट्रपतिको मनोनयन दर्ता र फागुन २५ गते राष्ट्रपतिको निर्वाचनको तालिका तय गरेको छ। शुक्रबार बिहान बसेको कांग्रेस, माओवादी केन्द्र, जसपा र नेकपा एसको शीर्ष नेताहरूको बैठकले पुरानो गठबन्धन ब्युँत्याउने सहमति गरेको थियो। नेकपा (एमाले) ले पुस १० को सहमतिअनुसार राष्ट्रपति आफूले पाउनुपर्ने बताउँदै आइरहेको थियो । तर, प्रधानमन्त्री दाहालले राष्ट्रिय सहमतिका आधारमा राष्ट्रपति बनाउनुपर्ने बताउँदै आउनुभएको थियो।

माओवादी केन्द्रसहितका दलको समर्थन पाएपछि राष्ट्रपतिको चुनावमा कांग्रेसको जित पक्का जस्तै छ।

संघीय र प्रदेश सभाका सांसदको मतदानबाट राष्ट्रपति हुन कुल ५२ हजार ६२८ मत भारमा ५० प्रतिशत बढी अर्थात २६ हजार ३१५ मतभार पुऱ्याउनु पर्दछ।

कांग्रेससँग १६ हजार १४२, माओवादीसँग ७ हजार ७४५, एकीकृत समाजवादीसँग दुई हजार ५७४, जसपासँग दुई हजार १४५ मतभार छ। जनमत, नागरिक उन्मुक्ति, लोसपा र राष्ट्रिय जनमोर्चा पनि थपिएकाले २५ फागुनमा हुने निर्वाचनको नतिताप्रति कांग्रेस ढुक्क छ।

## फागुन १८ गतेदेखि पृथ्वी राजमार्ग बन्द गरी भीर काट्ने

**रासस**
काठमाडौं, १२ फागुन

पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा खण्ड विस्तार भइरहेको छ।

उक्त सडकखण्ड चार लेन विस्तार गर्ने कार्यअन्तर्गत भीर काट्न रात्रि समयमा सडक अवरुद्ध गरिने भएको छ । मनसुन लागेपछि भीर कटान तथा सडक विस्तारमा समस्या हुनसक्ने सम्भाव्यतालाई मध्यनजर गरी राति यातायात बन्द गरी कार्य गरिने भएको हो।

राजमार्गको विमलनगरदेखि घाँसीकुवासम्मको खण्डमा भीर कटान (ब्याक कटिङ) को कार्य छिटोछरितो गर्नका लागि मुग्लिन-पोखरा सडक योजना पूर्वी खण्डबाट अनुरोध भई आएबमोजिम सो निर्णय भएको प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले जानकारी दिनुभयो । उहाँका अनुसार फागुन १८ गतदेखि २७ गतेसम्म राति पूर्णरूपमा बन्द गरी काम गर्ने निर्णय भएको छ। दश दिन राति १२ बजेदेखि ४ बजेसम्म अत्यावश्यक बाहेकका सवार ।साधन दैनिक पूर्ण बन्द गरी काम गरिने प्रजिअ रिजालले बताउनुभयो । 'मनसुन सुरु हुने बेला भएको छ, मनुसनलाई मध्यनजर गरी निर्माण कार्यलाई सहज, छिटोछरितो बनाउने उद्देश्यले यो निर्णय गरिएको हो', उहाँले भन्नुभयो, 'यसले पछिल्ला दिनमा यस राजमार्गमार्फत आवतजावत गर्ने सवारीलाई सहज हुनेछ।'

राजमार्गको विस्तारको काम सुस्त भएपछि यसबारे गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले प्रदेशसभामा कुरा उठाउनुभएको छ । उहाँले कामको गति सुस्त रहेकाले समयमै सम्पन्न नहुने हुँदा कामको गति बढाउन प्रदेशसभामार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । यस खण्डमा नाली निर्माण, रिटेनिङ वाल निर्माण, भित्ता काट्ने र सडक फराकिलो बनाउने काम भइरहेको मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) का प्रमुख इञ्जिनीयर नरेन्द्र सुवेदीले जानकारी दिनुभयो । विद्युत्का खम्बा स्थानान्तरण नहुँदा काम सुस्त भएको सुवेदीले बताउनुभयो।

पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । ४१ दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिने छन् । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ। पश्चिम खण्डअन्तर्गत जामुनदेखि पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ। यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ।

सडक चौडा पार्ने क्रममा निस्किएका निर्माण सामग्रीमा स्थानीय तहबाट रोयल्टी माग भएको साथै निर्माण सामग्री ढुवानी गर्दा प्रत्येक स्थानीय तहलाई ढुवानी शुल्क तिर्नुपर्ने अवस्था रहँदा आयोजनाको काममा केही समय ढिलाइ भएको थियो । अहिले उक्त समस्या समाधान भएको बताइएको छ।

विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एशियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजार र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ।

चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ। डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ। दुलेगौँडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौँडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

## नयाँ राजनीतिक समीकरणमा कांग्रेसको हैसियतको सम्मान होस् : नेता महर

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले नयाँ गठबन्धनमा जाँदै गर्दा पार्टीले आफ्नो सम्मान र ओजको पनि मर्यादा राख्नुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस कास्कीको आयोजनामा 'स्ववियु निर्वाचन सन्दर्भमा : कांग्रेस र भ्रातृ संस्थाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले नयाँ गठबन्धनमा जाँदै गर्दा पार्टीले आगामी दिनमा देखिन सक्ने चुनौतीको आकलन गर्नुपर्ने बताउनुभयो।

'कांग्रेस सधैँ मुलुकको हितमा काम गर्छ। यसपटक पनि हामीले राजनीतिक स्थायित्व खोजिरहेका छौं। प्रधानमन्त्रीलाई विश्वासको मत दिनु पनि राजनीतिक स्थायित्वको खोजी नै हो', उहाँले भन्नुभयो, 'यो कुरामा मुलुकका अन्य ठूला दल पनि गम्भीर बन्नुपर्छ। यसपटक राष्ट्रपति सहमतिको आधारमै कांग्रेसले पाउनु पर्छ।' उहाँले कांग्रेसले मुलुकको हितका लागि कार्यकारी पद लामो समयका लागि गुमाउँदा आफू संसद्को सबभन्दा ठूलो दल भएको र भोलि जनतालाई दिने जवाफको हेक्का राख्न उहाँले पार्टी नेतृत्वलाई आग्रह गर्नुभयो । 'कार्यकारी अधिकार रहेका सबै पद गुमेका छन्। यस्तो अवस्थामा कांग्रेसले मुलुकको हित खोजिरहेको छ। यो उदारताको गठबन्धनमा रहेका दलले सम्मान गर्नुपर्छ', उहाँले भन्नुभयो।

नेता महरले स्ववियु मिनी संसद् भएकाले यसको निर्वाचनमा विना गठबन्धन सफलता हात पार्नु नेविसङ्घ र कांग्रेसको प्रतिष्ठाको विषय बन्नुपर्ने बताउनुभयो । लामो समयदेखि स्ववियु निर्वाचन नहुँदा विश्वविद्यालय र क्याम्पसमा अनियमितता बढेको उहाँको भनाइ थियो।

'कतिपय क्याम्पसमा दुई/दुई वर्षमा हुनुपर्ने स्ववियु निर्वाचन एक दशकसम्म पनि हुन सकेको छैन। यसले क्याम्पसमा हुने विकास निर्माणमा अनियमिता भइरहेको छ । विद्यार्थीका हकहितका क्षेत्रमा काम हुन सकेको छैन। पाउनुपर्ने विद्यार्थीले छात्रवृत्ति पाउन सकेका छैनन्। शिक्षाको स्तर दिनानुदिन खस्किँदो छ । ठूलो संख्यामा सक्षम युवा नेतृत्व निर्माण हुन सकेको छैन', उहाँले भन्नुभयो।

## क्रिकेटर लामिछानेलाई अन्तरिम आदेश दिन अस्वीकार

**रासस**
काठमाडौं, १२ फागुन

सर्वोच्च अदालतले क्रिकेट खेलाडी सन्दीप लामिछानेलाई विदेशमा खेल्नका लागि अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले लामिछानेलाई विदेश खेल्न जानका लागि अन्तरिम आदेश दिन अस्वीकार गरेको हो।

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले अन्तरिम आदेश नदिएर आगामी आइतबार लामिछानेका विषयमा सरकारी र लामिछानेको निवेदन एकै साथ पेस गर्न आदेश दिएको जानकारी दिनुभयो । आदेशमा भनिएको छ, 'उच्च अदालतको आदेश उपर यस अदालतको संयुक्त इजलासमा सुनुवाइ प्रक्रिया विचाराधीन रहेको अवस्थामा सो प्रतिवेदन उपरको सुनुवाइ कार्य बाँकी राखेर अहिले प्रतिवादी सन्दीप लामिछानेको मागअनुसार यस एकल इजलासबाट कुनै आदेश जारी गर्नु मनासिव देखिएन। उही एउटै मुद्दामा वादी प्रतिवादी दुवै पक्षको निवेदन पर्न आएको हुँदा दुवै निवेदनउपर एकै साथ सुनुवाइ हुन आवश्यक देखिन्छ।'


सर्वोच्च अदालतमा सन्दीप लामिछानेबारे महान्यायाधिवक्ता कार्यालयले दिएको रिट पनि रहेको छ । आदेशमा आगामी हप्ता नै खेलिने अन्तर्राष्ट्रिय क्रिकेट खेलसँग सम्बन्धित विषय देखिएको र उल्लिखित निवेदन उपरको सुनुवाइ ढिलाइ हुन गएमा निवेदनको मूल प्रयोजन नै समाप्त हुन जानेसमेत देखिएको उल्लेख गरिएको छ।

लामिछानेले विदेशमा खेल्न जान दिनुपर्ने माग राखी रिट दायर गर्नुभएको थियो।

**सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं**

- ◆सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।
- ◆अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।
- ◆सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
- ◆आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं।
- ◆आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



# शुक्रलाई सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन




नेपाल नम्बर एक प्रोफेसनल गल्फर शुक्र बहादुर राईले सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गतको चौंथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि जितेका छन् ।

पार ६९को हिमालयन गल्फ कोर्षमा शुक्रले सानदार कमब्याक गर्दै ५-अन्डर ६४ को उत्कृष्ट कार्ड तयार पारे। समग्रमा १-अन्डर २ सय ६ को स्कोरमा शुक्रले साबिक विजेता एमेच्योर खेलाडी सुबाश तामाङलाई २ स्ट्रोकले हराउँदै करियरको नवौं उपाधि जितेका हुन्। उपाधिसँगै उनले १ लाख ४० हजार प्राप्त गरे । १३औं दक्षिण एसियाली खेलकुदका दोहोरो स्वर्ण विजेता सुबाशले अन्तिम दिन २-ओभर ७१ खेल्दै समग्रमा १-ओभर २ सय ८ सहित दोस्रो भए। एमेच्योरतर्फ भने सुबाशले उपाधि जिते। उनले अजित बिकेलाई १४ स्ट्रोकको फराकिलो अन्तरमा हराए ।

प्रोफेसनलतर्फ भुवन नगरकोटी र सञ्जय लामा ३-ओभर २ सय १० स्कोर सहित संयुक्तरुपमा दोस्रो भए। आज भुवनले ३-ओभर ७२ र सञ्जयले २-ओभर ७१ खेले। दुवैले ७८ हजार पाँच सय नगद प्राप्त गरे। इभन-पार ६९ सहित समग्रमा ५-ओभर २ सय १२ को स्कोरमा जयराम श्रेष्ठ चौंथो भए । उनले ५५ हजार हात पारे । भेट्रान गल्फर रामे मगरले अन्तिम १८ होलको खेल ५-ओभर ७४ मा सकाउँदै समग्रमा ६-ओभर २ सय १३ स्कोर सहित पाँचौ हुँदा ४७ हजार नगद पुरस्कार प्राप्त गरे । १-ओभर ७० खेल्दै समग्रमा ९-ओभर २ सय १६ सहित भुवन कुमार रोक्का छैटौं भए । यो सिजनको सुर्य नेपाल म्याच प्लेका विजेता दिनेश प्रजापति भने समग्रमा सातौं भए। उनले आज १-ओभर ७० खेले। छैटौ र सातौं भएका भुवन र दिनेशले क्रमशः ४० हजार ५ सय र ३७ हजार प्राप्त गरे । १२-ओभर २ सय १९ सहित दल बहादुर लामा र धन थापाले संयुक्तरुपमा आठौं स्थान बाँडे । दुवैले ३३ हजार हात पारे । यसैगरी १३-ओभर २ सय २० को स्कोर सहित रबि खड्का र निरज तामाङ संयुक्तरुपमा दशौं हुदै २८ हजार ५ सय प्राप्त गरे ।

नेपाल नम्बर एक गल्फर शुक्रले अन्तिम दिन सानदार प्रदर्शन गरे। अन्तिम १८ होलको खेल सुरू गर्दा शुक्र ४-ओभरको स्कोर सहित पाँचौ स्थानमा थिए। फ्रन्ट नाइन उनले १-अन्डर ३३ मा सकाए । दोस्रो र पाँचौ होलमा बोगी खेपे तर तेस्रो, छैटौं र नवौं होलमा बर्डी प्रहार गरे । ब्याक नाईनमा गरेको उम्दा प्रदर्शन नै उनको जितको कारण बन्यो । १२औं,१४औं, १५औं र १७ औं होलमा बर्डीको सफलता प्राप्त गर्दा उनले ब्याक नाइन ४-अन्डर ३१ मा सकाए । उनको यो सिजनको दोस्रो उपाधि हो । यसअघि उनले घरेलु मैदानमा सुर्य नेपाल इस्टर्न ओपन जितेका थिए । दोस्रो दिनका लिडर सुबाश उपाधि जोगाउने होडमा थिए। उनले फ्रन्ट नाइन १-ओभर ३५ मा सकाए। तेस्रो होलको बर्डीका विरूद्ध दोस्रो र पाँचौं होलमा एक-एक सट खेर फाले । यसपछि १०औं होलमा एक सट बचाउँदा १३औं र १७औं होलमा बोगी प्रहार गर्दै ब्याक नाइन १-ओभर ३६ मा सकाए । यसरी दुई स्ट्रोकले पछि पर्दा समग्रमा दोस्रो भए । भुवनले पहिलो, तेस्रो र आठौं होलमा बोगी प्रहार गर्दा तेस्रो, चौथो र नवौं होलको बर्डीले फ्रन्ट नाइन इभन-पार ३४ मा सकाए । ब्याक नाइनमा खराब प्रदर्शन गर्दै १२औं, १५औं र १६औं होलमा एक-एक सट खेर फाले । ब्याक नाइन ३-ओभर ३८ मा सकाए । सञ्जयले सुरुवात नै खराब गरे। दोस्रो र छैटौं होलमा बोगी प्रहार गर्दा चार-पारको नवौं होलमा डबल बोगीको सामना गरे । तेस्रो होलको बर्डीले फ्रन्ट नाइन ३-ओभर ३७ मा सकाए । यसपछि १२औं होलमा एक सट खेर फाले । तर चार पारको १७औं होलमा इगलको सफलतामा १-अन्डर ३४ मा ब्याक नाइन सकाए । ५४ होलको प्रतियोगितामा ३१ व्यवसायीक र १४ एमेच्योर गरी कुल ४५ खेलाडीहरूले प्रतिस्पर्धा गरेका थिए । प्रोफेसनल गल्फर्स एसोसिएसन नेपालको आयोजना र सूर्य नेपाल प्रा. लि.को प्रायोजनमा भएको प्रतियोगितामा कुल आठ लाख नगद पुरस्कार रहेको थियो ?

# संगम कप विल स्मृतिको उपाधिको लागि एल.जी. र नव आर्दश भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



साविक उपबिजेता एल.जी.एशोसियसन र नव आर्दश सामुदायिक विकास समाज पोखरामा जारी आठौं संस्करणको संगम कप विल स्मृति फुटवल प्रतियोगिता २०७९ को उपाधिको लागि फाइनल खेलमा प्रतिष्प्रर्धा गर्ने भएका छन् ।

पोखरा १३ मा रहेको संगम क्लवको आयोजनामा पोखरामा जारी उक्त प्रतियोगिताको उपाधि सहित १ लाख ७५ हजार पुरस्कारको लागि शनिबार दिउसो १:०० बजे पछि फाईनल खेल हुने भएको प्रतियोगिता संयोजक शिव गुरूङ (माया) ले बताए । शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा बरदान ताङ्वेको निर्णायक एक गोलको मद्वतले एल.जी.ले भ्याली स्पोट्र्स क्लव माथि १-० ले कठिन जित हात पार्दै यस बर्ष पनि उपाधि नजिक पुगेको हो । खेलको ४७ औ मिनेटमा आशिस गुरूङको स्थानमा मैदान प्रबेश गरेका ताङ्वेले पेनाल्टी अवसरलाई सदुपयोग गरी खेलको दोश्रो हापको अन्तिम ईन्जुरी समयमा गोल गरेका हुन । खेलमा ताङ्वे नै म्यान अफ दी म्याच घोषित भए । भ्याली स्पोट्सले खेलको ८ मिनेटबाटै १० खेलाडीमा सिमित हुनु पर्यो । भ्यालीका प्रताव गुरूङले विपक्षि खेलाडीलाई गोल गर्ने अबस्थामा खेलाडीलाई तानेका कारण रेफ्रिले रेडकाड दिएका हुन । त्यसै गरी शुक्रबार भएको दोश्रो खेलमा नव आदर्श सामुदायिक विकास समाजले पोखराको सहारा क्लव माथि जित निकाल्न सडेन डेथमा कुर्नु पर्यो । सडेन डेथमा सुमिन पुनले पोष्ट भन्दा बाहिर पेनाल्टी सुट फाल्नु नै फाइनलमा पुग्ने सहाराको सपना अधुरो रह्यो ।

नव आर्दशका बबि भुजेलले पेनाल्टी सुटमा गोल गरेका हुन् । ८० मिनेटको निर्धारित समयमा दुबै तर्फ १–१ गोलले खेल बराबरीमा, २० मिनेटको अतिरिक्त समयमा दुबै तर्फ गोल रहित बराबरी र टाईब्रेकरमा समेत दुबै तर्फ ३–३ गोल भए पछि खेल सडेन डेथमा पुगेको हो । नव आर्दशका अनुज भण्डारी, किशोर गुरुङ र सागर राईले टाईब्रेकरमा पेनाल्टी सुटमा गोल गर्न सफल भए भने सन्नी गुरुङ र आगमन खड्काको पेनाल्टी सुट विपक्षि गोलरक्षक असोक रेग्मीले उत्कृष्ट बचाउ गरे ।

त्यस्तै सहाराका गंग गुरुङ, संगम कार्की र सरोज गुरुङले पेनाल्टी सुटमा गोल गर्दा अनिल गुरुङले प्रहार गरेको वल विपक्षि गोलरक्षक आशिस केसीले उत्कृष्ट बचाउ गरे भने अविसेक रानाले प्रहार गरेको पेनाल्टी सुट वारमा लागेर फर्किएको थियो । खेलमा नव आर्दशका गोलरक्षक आसिस केसी म्यान अफ दी म्याच घोषित भए । नव आर्दशले खेलको १० औ मिनेटमा पेनाल्टी मार्फत एक गोल गरी अग्रता कायम गरेको थियो ।

सहाराका मुकुन्द न्युरेले नव आर्दशका सोवित भण्डारीलाई डि–वक्स भित्र लडाए पछि पाएको पेनाल्टीको अवसरलाई नव आदर्शका अनुज भण्डारीले सदुपयोग गर्दै गोल गरेका हुन । त्यसै गरी सहाराका भागवत चौधरीले खेलको ४५ औं मिनेटमा गंग गुरुङको क्रस वलमा गोल गरेका हुन् । यसैबिच उक्त प्रतियोगिताको अवसरमा सेतीपुल वारी र पारी भेट्रान्स खेलाडीहरु बिच शनिबार बिहान ८:०० बजे मैत्रिपूर्ण फुटवल खेल हुने भएको प्रतियोगिताका म्याच कमिस्नर खिम बहादुर गुरुङले बताए । म्यान अफ दी म्याच घोषित खेलाडीहरुलाई ट्रफीको साथमा नगद एक हजार प्रोत्साहन स्वरुप प्रदान गरिएको आयोजक संगम क्लवका अध्यक्ष नरेन्द्रजंग गुरुङले बताए । प्रतियोगिताको मुख्य प्रायोजकको रुपमा सहारा हङकङ र संगम एल.जी.हङकङ रहेको छ ।

# लेकसाइडमा लेस्पा बाइ डोनाल्डजी स्पा सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



पोखराको लेकसाइडमा लेस्पा बाइ डोनाल्डजी स्पा सञ्चालनमा आएको छ । लेकसाइडको हल्नचोक नजिकै रहेको स्पाको पोखराका दुई व्यवसायीहरुले उद्घाटन गरे ।

सौन्दर्यकर्मी चिनु गुरुङ र व्यवसायी मिलन थापाले संयुक्त रुपमा उद्घाटन गरे ।

नेपालमा सन् १९९७ मा पोखराको द फूलबारी रिसोर्टले पहिलोपटक स्पा भित्र्याएको थियो । त्यही स्पामा काम गरेका मलेसियन डानाल्डजीले यो स्पाको प्रबन्ध निर्देशक रहेका छन् । उनले स्पा यस्तो थेरापी हो, जसले शरीर, मन, विचार, आत्मासम्मलाई शुद्ध पारी पूर्ण आनन्द दिने बताए ।

यसले शरीरमा सकारात्मक उर्जा उत्पन्न गर्न र तनाव तत्काल कम गर्न मद्दत गर्ने उनको भनाई छ। उनले पोखरामा उत्कृष्ट र धेरै क्षमताको स्पा बनाएको बताए । फेवा टाइम्स स्वएर प्रालिले स्पामा ३ करोड भन्दा बढि लगानी गरेको निर्देशक डानाल्डजीको भनाई छ । अहिलेको व्यस्त र प्रतिस्पर्धात्मक जीवनशैलीलाई तनाव मुक्त बनाउन स्पानै उपचार रहेको निर्देशक डानाल्डजीको भनाई छ ।

उनले उत्कृष्ट सेवालाई हेरेर र प्रयोग गरेर महशुस गर्न आग्रह गरे । स्पामा कटिवस्ती, जीउ तथा हात खुट्टाको मसाज, सौना, बडी, स्क्रब, डिप सेन्स मसाज, फुट बाथ, ज्याकुजी, मसाज, स्टिम वाथ, फुट मसाज लगाएतका सेवा रहेको मिडिया कोअडिनेटर एनि चाले बताइन् । सुमधुर संगीतमय, शान्त, प्राकृतिक सुगन्धयुक्त, मनमोहक दृश्यले भरिएको र सकारात्मक भाव जगाउने वातावरण स्पामा रहेको उनको भनाई छ । स्पाबाट फेवातालको मनोरम दृश्य हेर्दै स्पा गर्न सकिने बताइन् । उद्घाटनको अवसर पारेर एक महिना सम्म ५० प्रतिशत सम्म छुट रहेको उनको भनाई छ । स्पामा १ हजार देखी ५ हजार सम्मका तिरेर विभिन्न सेवा लिन सकिने उनले बताइन् । उद्घाटन कार्यक्रममा सौन्दर्यकर्मी चिनु गुरुङले अनुहारको मात्रै केयर गरेर नहुने भन्दै शरिरको पनि केयर गर्न आवश्यक रहेको बताइन् । उनले शरिरको केयर गर्न मसाज नै सबै भन्दा उपयुक्त भएको बनाइन् । त्यसै गरी व्यवासायी मिलन थापाले मसाज, स्पा, ध्यानले मानिसलाई तनाबमुक्त बनाउने बताइन् । उनले कामको तनाबबाट आराम लिन हप्तामा एक दिन भएपनि स्पा जान सुझाब दिइन् ।

# राजनीतिक भागबण्डामा उवासंघ समिति, अध्यक्षमा श्रेष्ठ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १२ फागुन



जिल्लाको व्यापारीक केन्द्र वालिङको व्यवसायीहरुको छाता संगठन उद्योग वाणिज्य संघमा राजनीतिक भागबण्डाका आधारमा समिति चयन गरिएको छ ।

नेपाली काँग्रेस र नेकपा एमालेले राजनीतिक भागबण्डामा व्यावसायी समिति चयन गरेका हुन् । नेपाली काँग्रेसले नेतृत्व सहित अल्पमत र नेकपा एमालेलाई बरिष्ठ उपाध्यक्ष सहित बहुमतको आधारमा भागबण्डा गरेर समिति चयन गरिएको छ । राजनीतिक सिन्डिकेटमा वालिङ उद्योग वाणिज्य संघ अल्झिएको छ । व्यावसायीको हकहिका लागि स्थापना गरिएको व्यवसायीको संस्थामा राजनीतिक भागबण्डा हुन थालेपछि उद्योग वाणिज्य संघको गरिमा घट्ने बताइएको छ । भागबण्डामा २१ सदस्यीय चयन गरिएको वालिङ उद्योग वाणिज्य संघको ८ औं अधिवेसनले अध्यक्षमा नेपाली काँग्रेसबाट चेतनारायण श्रेष्ठ चयन भएका छन् । बरिष्ठ उपाध्यक्षमा नेकपा एमालेका तर्फबाट अनुपमा ढुङ्गाना चयन भएकी छन् । संघको उपाध्यक्षमा खगेन्द्रप्रसाद अर्याल, महासचिवमा रमेश अर्याल, सचिवमा पिताम्वर खनाल चयन भएका छन् । कोषाध्यक्षमा खगुपति न्यौपाने, सह–कोषाध्यक्षमा केशव पराजुली चयन भएको संघका कार्यकारी सचिव बाबुराम रेग्मीले जानकारी दिए । सदस्यहरुमा अशोक तिवारी, विश्वास लम्साल, गोविन्द तिवारी, इश्वरी प्रसाद गैह्रे, पिताम्बर भुषाल, मन्जु खड्का, प्रकाश अधिकारी, सुविन्द्र गुरुङ र मोहम्मद कलाम मियाँ चयन भएको रेग्मीले बताए । निर्वमान अध्यक्ष पनि पदेन सदस्य रहने विद्यानत व्यवस्था रहेको संघमा ४ जना सदस्य मनोनित हुन बाँकी रहेका छन् । संघमा २१ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ । लामो समय समिति चयनमा विवाद रहको संघको कार्यसमिति दुईदल बिच सहमति भएपछि टुङ्गिएको छ । निर्वाचित कार्यसमितिलाई छिट्टै पदभार ग्रहण गर्ने कार्यक्रम तयहुने सचिव रेग्मीले बताए ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गौशाला चलाउन महायज्ञबाट ८४ लाख सङ्कलन

**पोखरापत्र संवाददाता**
वालिङ, १२ फागुन

गाईको संरक्षणका लागि स्याङ्जाको वालिङमा महायज्ञ सञ्चालन गरी आर्थिक सङ्कलन गरिएको छ । वालिङ- ८ काफलडाँडामा हालै सञ्चालनमा आएको गौशालालाई थप व्यवस्थित गर्दै गाईको संरक्षण गर्ने उद्देश्यसहित आयोजना गरिएको महायज्ञबाट झण्डै रु ८४ लाख सङ्कलन गरिएको छ ।

आधुनिकतासँगै गाईपालनतर्फ रुचि हराउँदै गएकाले गौमाताको संरक्षण गर्ने मुख्य उद्देश्यसहित धुनी शिवालय फूलबारी गुठी गौशाला आश्रम वालिङ-८ काफलडाँडाले महायज्ञबाट उक्त रकम सङ्कलन गरेको हो । गौ संरक्षण गर्ने मुख्य उद्देश्यले आयोजना गरिएको महायज्ञबाट सङ्कलन भएको रकमलाई अक्षयकोषका रूपमा राखेर सोहीमार्फत गौशाला सञ्चालन गरिने महायज्ञ मूल आयोजक समितिका संयोजक दिलीपप्रताप खाँणले जानकारी दिनुभयो । "बाटोघाटोमा गाईलाई छाडा छाडिदिँदा सम्भावित सवारी दुर्घटनाका साथै खेतबारीमा बालीनाली खाइदिने समस्या भयो", उहाँले भन्नुभयो, "गाईको संरक्षण तथा व्यवस्थापनका लागि महायज्ञमार्फत सङ्कलन भएको रकमबाट अक्षयकोष स्थापना गर्छौं ।" यसअघि स्वर्गाश्रममा गौशाला निर्माण गरी सञ्चालन गरिए पनि चरन अभावका कारण काफलडाँडामा गौशाला स्थानान्तरण गरिएको हो । काफलडाँडामा प्रशस्त चरन क्षेत्र रहेकाले गाईपालनका लागि खर्च कम हुने उहाँको विश्वास छ ।

"काफलडाँडामा स्थानान्तरण गरिएको गौशालाको दिगो व्यवस्थापनका लागि महायज्ञ गरेका हौँ, उठेको रकमबाट अक्षयकोष स्थापना गरी गौशालाको व्यवस्थापनमा खर्च गर्छौं", खाँण भन्नुहुन्छ । गौशालामा हाल एक सय २६ गाई छन् । गाई हेर्ने गोपाल, दानापानी, औषधोपचारका लागि हाल मासिक रु एक लाख खर्च लाग्ने गरेको छ ।

खर्च अभावका कारण गौशाला सञ्चालनमा समस्या भएपछि दिगो व्यवस्थापनका लागि अक्षयकोष स्थापना गरी सोहीमार्फत खर्च जुटाउने लक्ष्यसहित महायज्ञ गरिएको महायज्ञका प्रमुख वाचक पण्डित नेत्रप्रसाद पराजुलीले बताउनुभयो ।

# बागलुङमा पाँच साहित्यकार पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

बागलुङका 'रत्न-श्रेष्ठ पुरस्कार गुठी'ले पाँच साहित्यकारलाई पुरस्कृत गरेको छ । गुठीले यस वर्षको 'रत्न-श्रेष्ठ राष्ट्रिय पुरस्कार' पाल्पाका साहित्यकार डा शङ्करप्रसाद गैरेलाई प्रदान गरेको छ । रु ५० हजार राशिको सो पुरस्कार उहाँको उपन्यास कृति 'कृष्ण'का लागि प्रदान गरिएको हो ।

यस्तै यस वर्षको 'रत्न-श्रेष्ठ प्रादेशिक पुरस्कार' बागलुङका लेखकद्वय सरोजराज पन्त र सूर्यनाथ सापकोटालाई प्रदान गरिएको छ । उक्त पुरस्कारको राशि जनही रु १२ हजार पाँच सय छ । गुठीद्वारा स्थापित ' धवलागिरि प्रतिभा पुरस्कार' म्याग्दीका साहित्यकार कृष्ण बानियाँलाई प्रदान गरिएको छ । रु १५ हजार राशिको सो पुरस्कार बानियाँको संस्मरण कृति 'बिसङ्गत अभिरुचि'का लागि प्रदान गरिएको गुठीका सदस्यसचिव महेशचन्द्र प्रधानले जानकारी दिनुभयो । यस्तै रु २५ हजार राशिको 'जगतचन्द्र स्मृति राष्ट्रिय पुरस्कार' ललितपुरका साहित्यकार रुकु कार्कीलाई प्रदान गरिएको छ । बिहीबार बागलुङ सदरमुकाममा आयोजित समारोहमा गुठीका संस्थापक संरक्षक प्रेम छोटाले पुरस्कृत लेखकहरूलाई नगद, दोसल्ला र प्रमाणपत्र प्रदान गर्नुभयो । सोही समारोहमा काठेखोला-५ बिहँस्थित परमानन्द सन्यास आश्रमका शुभम् पन्तलाई 'गुरु गणेश स्मृति पुरस्कार' प्रदान गरिएको थियो । बागलुङका गणेशप्रसाद श्रेष्ठ र विष्णुकुमारी श्रेष्ठको स्मृतिमा स्थापित उक्त पुरस्कारको राशि रु आठ हजार छ । गुठीले हरेक दुई दुई वर्षमा पुरस्कार प्रदान गर्दै आएको छ । साहित्यकार एवं संस्कृतिकर्मी प्रेम छोटाले आफ्नी आमा रत्नकुमारी श्रेष्ठको स्मृतिमा २०३४ सालमा पुरस्कार स्थापना गर्नुभएको हो । भाषा, साहित्य र संस्कृतिको उत्थानमा समर्पित स्रष्टाको सम्मानका लागि पुरस्कार गुठी स्थापना गरिएको संरक्षक छोटा बताउनुहुन्छ ।

# पर्यटकीय गन्तव्य बन्दै बाँगेकोट

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

सिद्धार्थ राजमार्गको स्याङ्जास्थित खड्केटारीबाट आठ किलोमिटरको दूरीमा रहेको बाँगेकोट यस क्षेत्रको महत्वपूर्ण धार्मिक तीर्थस्थल हो । प्रकृतिको बरदान यो स्थल पञ्चासे संरक्षित क्षेत्रमा पर्दछ । नेपालका बाइसे-चौबीसे राजाको पालादेखि नै अस्तित्वमा रहेको यो स्थल यहाँको प्राचीनताको जीवन्त उदाहरण हो ।

प्रकृति र संस्कृतिले विविधतापूर्ण यो स्थल हिमाली एवं पहाडी दृश्यावलोकनका लागि महत्वपूर्ण रहेको स्थानीय पूर्णवीर गुरुङ बताउनुहुन्छ । फेदीखोला गाउँपालिका-५ मा रहेको यस स्थल पुग्न विभिन्न मार्ग प्रयोगल गर्न सकिन्छ । खड्केटारी पञ्चासे ग्रामीण सडकको छेउमा बाँगे मैदान पुग्नुअघि बाँगेकोट छ । बाँगे गाउँमा रहेको रङ्गुवा, बाँगेथुम कालाभैरवलाई प्राचीनकालदेखि बाँगेकोटका रूपमा लिने गरिएको हो । कोटको दक्षिण भागका रङ्गुवावासीले यसलाई रङ्गुवाकोट भन्दछन् । पूर्वी भाग भाटखोला, आरुखर्क र फेदीखोलाका बासिन्दाले बाँगेकोट नै भन्दै आएको बाँगे पोखरा सामुदायिक मिलन चौतारीका कोषाध्यक्ष एवं बृहत् फेदीखोला पोखरा सम्पर्क समाजका सदस्य राजकुमार क्षेत्रीले बताउनुभयो । उत्तर-पश्चिम भागका बाँगे, बाङ्सिङ, सरादीसम्मका बासिन्दाले पनि यसलाई बाँगेकोट नै भन्ने गरेका छन् । बाँगेकोट नजिकैको घिमिरे गाउँ यहाँको प्राचीन बस्ती हो ।

परापूर्वकालदेख नै सुरक्षाका दृष्टिले अग्लो पर्खालले घेरिएको यस कोटको बीचमा भैरवस्थान र पुजारी घर छ भने पर्खाल बाहिर बलि दिने मौलो छ । यो कोट आरुखर्कका रजौटाले बनाएको भन्ने किंवदन्ती छ । प्राचीनकालमा आफ्नो भरणपोषणका लागि माना चामल र बिर्ता जग्गाका मोहीबाट उठेको रकम बुझाउन जम्मा हुने यो ठाउँबाट कटुवालले खबर प्रसारण गर्ने (घोक हाल्ने) र ज्योतिषीले भविष्यवाणी गर्ने गरेको बूढापाका बताउँछन् । वर्षको दुईपटक बडादशैं र चैतेदशैंमा धुमधामसँग पूजा जात्रा हुने यस कोटमा रङ्गुवा, बाँगे र भाटखोलाका तालुकदार मुखियाबाट बलि दिने पाठो, रागो र माना घिउ ल्याउने प्रचलन थियो । पहिले-पहिले नुवाकोट कालाभैरव मन्दिरमा झैँ रङ्गुवा बाँगेथुम कालाभैरव स्थानमा पनि तिमल्सिना थरका बाहुन पुजारी राख्ने प्रचलन रहेकामा अहिले भने दुवै स्थानमा पुजारी यही थरको हुनुपर्ने भन्ने कुनै अनिवार्य छैन । दशैंको फूलपातीमा रङ्गुवाली तिमल्सिनाका घरबाट फूलपाती, आरुखर्के रजौटाका दरबारबाट दहीको ठेकी लगिने चलन रहेकामा फूलपाती यथावत नै ल्याइने चलन छ । प्रत्येक जातजातिका भूमिका रहने गरेको यहाँ नवमीका दिनमा अरियाँले दमाईबाट बाजागाजा, रङ्गुवाली विश्वकर्माबाट हातहतियारमा साँध लगाउने तथा स्थानीय सार्कीबाट बलिको राँगो लैजाने, सफा गर्ने चलन रहेको थियो । पछिल्ला समयमा सबै मिलेर कोटको संरक्षण र रेखदेख गर्ने गरेका छन् । बाँगेकोटमा हाल नवनिर्मित मन्दिर, भवन तथा पर्खाल एवं घना रुखवृक्ष छन्, बिर्ताप्रथाको उन्मूलन र तालुकदार परम्पराको खारेजी भएपछि अक्षयकोष स्थापनाबाट पनि यस कोटको विकासमा योगदान पुगेको छ । कोटमा रहेका पुराना खुँडा र खुकुरीले यहाँको प्राचीनतालाई झल्काउने गरेको छ । धार्मिक, प्राकृतिक र पर्यटकीय आकर्षणको केन्द्र बाँगेकोटको विकासलाई फेदीखोला गाउँपालिकाले प्राथमिकतामा राखेको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताउनुभयो ।

"हामी गाउँपासिलकाभित्रका धार्मिक एवं ऐतिहासिक स्थललाई संरक्षण र विकाससँगै प्रवर्द्धन गर्ने गरेका छौँ", उहाँले भन्नुभयो, "बाँगेकोटको इतिहास तथा महत्वलाई जीवन्त राख्न गाउँपालिकाको स्थानीय पाठ्यक्रममा पनि यस स्थललाई समेटिएको छ ।"

विसं २०७२ को भूकम्पले क्षतिग्रस्त मन्दिरको पुरातत्व विभागको सहयोगमा निर्माण भइरहेको छ । बाँगेकोटको महत्वलाई उजागर गर्न स्थानीय युवाको सक्रियतामा पर्यटनसम्बद्ध सङ्घसंस्थाका प्रवर्द्धनात्मक कार्यक्रम जारी छन् । हाइकिङका माध्यमबाट पोखरा र आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्दै आएको हाइकर्स क्लब नेपालले आगामी फागुन २७ गते बाँगेकोटमा हाइकिङ गराउन लागेको उक्त संस्थाका संयोजक कृष्ण रानाभाटले जानकारी दिनुभयो ।

# मुग्लिन-पोखरा सडक विस्तार : १० प्रतिशत प्रगति

**रासस**
दमौली, १२ फागुन

मुग्लिन-पोखरा सडक विस्तार योजनाअन्तर्गत तनहुँ खण्डमा कामको प्रगति न्यून छ । पृथ्वीराजमार्गलाई चार लेनमा विस्तारका लागि गत वर्षको वैशाखदेखि काम सुरु गरिए पनि तनहुँ खण्डमा भौतिक प्रगति कम रहेको हो ।

मुग्लिन-पोखरा सडक विस्तारअन्तर्गत तनहुँ खण्डलाई दुई भागमा विभाजन गरी काम गरिएको छ । दुवै खण्डको हालसम्मको प्रगति १० प्रतिशत रहेको छ । काम सम्पन्न गर्नुपर्ने म्याद १४ महिना बाँकी रहँदा प्रगति सुस्त भएर समयमै सम्पन्न नहुने आशङ्का उब्जिएको छ ।

पूर्वी खण्डअन्तर्गत तनहुँको आँबुखैरेनीदेखि जामुनेसम्मको भौतिक प्रगति १५ दशमलव पाँच प्रतिशत रहेको मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) का प्रमुख इञ्जिनीयर नरेन्द्र सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार यस खण्डमा नाली निर्माण, रिटेनिङ वाल निर्माण, भित्ता काट्ने र सडक फराकिलो बनाउने काम भइरहेको छ । विद्युत्का खम्बा स्थानान्तरण नहुँदा काम सुस्त भएको सुवेदीले बताउनुभयो ।

त्यस्तै जामुनेदेखि पोखरासम्मको खण्डको प्रगति चार दशमलव एक प्रतिशत मात्रै छ । यो खण्डमा कामको गति झनै सुस्त देखिएको छ । यो खण्डमा पनि भित्ता काट्ने र वाल बनाउने काम भइरहेको जनाइएको छ ।

पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । एकचालीस दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिने छन् । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ । पश्चिम खण्डअन्तर्गत जामुनदेखि पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ ।

सडक चौडा पार्ने क्रममा निस्किएका निर्माण सामग्रीमा स्थानीय तहबाट रोयल्टी माग भएको साथै निर्माण सामग्री ढुवानी गर्दा प्रत्येक स्थानीय तहलाई ढुवानी शुल्क तिर्नुपर्ने अवस्था रहँदा आयोजनाको काममा केही समय ढिलाइ भएको थियो । अहिले उक्त समस्या समाधान भएको बताइएको छ ।

विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एशियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजार र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ । चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौंडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौंडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ । राजमार्गको विस्तारको काम सुस्त भएपछि यसबारे गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले प्रदेशसभामा यसबारे कुरा उठाउनुभएको छ । उहाँले कामको गति सुस्त रहेकाले समयमै सम्पन्न नहुने हुँदा कामको गति बढाउन प्रदेशसभामार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

धुलोले सास्ती

राजमार्ग विस्तारका क्रममा कामभइरहँदायतिबेलाराजमार्गको यात्रा कष्टकर छ । विशेषगरी दुई पाङ्ग्रे सवारीसाधनका चालकलाई राजमार्गमा यात्रा गर्न कठिन छ । राजमार्गको धुलोका कारण गन्तव्यसम्म पुग्दा मान्छे नै नचिनिने समस्या आउने गरेको छ । व्यास नगरपालिका-१ का दीपक भट्टराईलेराजमार्गकोयात्राकष्टकर भएको बताउनुभयो । "दमौलीबाट खैरेनीटारतर्फ र डुम्रेतर्फ जानुपर्दा धुलोले मान्छे चिनिँदैन, यात्रा सकसपूर्ण छ", उहाँले भन्नुभयो । शुक्लागण्डकीनगरपालिका-२हलेदीका शङ्कर पन्तले धुलाम्य बाटोले यस ठाउँका बासिन्दाले हैरानी व्यहोरेको बताउनुभयो ।

# प्रदेशस्तरको औषधि आपूर्ति केन्द्र बनाइने

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ फागुन

जिल्लाको आँबुखैरेनी गाउँपालिका-१ स्थित सत्रसयमा गण्डकी प्रदेशस्तरकै एलोपेथिक औषधि आपूर्ति केन्द्र बनाइने भएको छ ।

यहाँ रहेको तेत्तीस रोपनी जमिनमा गण्डकी प्रदेशको आपूर्ति केन्द्र बनाउन लागिएको हो । स्वास्थ्य मन्त्रालयबाट जग्गा प्राप्तिका लागि स्वीकृति पाएपछि प्रक्रिया अघि बढाउने योजना रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । "गण्डकी प्रदेश र संघीय सरकारको स्वास्थ्य मन्त्रालयका प्रतिनिधिबाट अनुगमन भैसकेकाले छिट्टै केन्द्र निर्माणका लागि प्रक्रिया अघि बढाइने छ ।"

सेभ द चिल्डेनको आर्थिक सहयोगमाएलोपेथिकऔषधिबनाएर वितरणकेन्द्र बनाउनेविषयमा प्रारम्भिक अनुसन्धान भैरहेको पनि उहाँले बताउनुभयो ।

केन्द्रका लागि पन्ध्र रोपनी जग्गा भए पुग्ने भएकाले बाँकी जग्गामा आयुर्वेदिक अस्पताल बनाउन प्रदेश सरकारले चासो देखाएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।सोही स्थानमा मित्रता माविको र आसपास गरी करिब तीन सय रोपनी सार्वजनिक जग्गा रहेकाले पालिकाले प्रदेश सरकारलाई ट्रमा सेन्टर बनाइदिन प्रस्ताव गरेको अध्यक्ष चुमानले जानकारी दिनुभयो ।

स्थानीयस्तरमै उपचारको व्यवस्था गर्न सकिने भएकाले तीनवटै तहका सरकारले ट्रमा सेन्टर निर्माणमा चासो देखाएका उहाँले बताउनुभयो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



**स्वैच्छिक खारेजीमा रहेको जि. एण्ड एस. स्पोर्टस् प्राइभेट लिमिटेडका लिक्विडेटरद्वारा जारी गरिएको**

**हकदाबी सम्बन्धी सूचना**

यस जि.एण्ड एस. स्पोर्टस् प्राइभेट लिमिटेड (प्राइभेट लिमिटेड दर्ता नं. १३०१२२/०७१/०७२) लाई यस कम्पनीको मिति २०७९/११/९ गते बसेको विशेष साधारणसभाले विशेष प्रस्ताव पारित गरि स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरेको जानकारी गराउदै यस कम्पनी उपर कुनै व्यक्ति, संघ संस्था, कम्पनी तथा निकाय कसैको केही दाबी, लेनदेन, लिनु, दिनु भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण सहित माग दाबी तथा सो दाबी प्रमाणित गर्ने प्रमाणित कागजातसहित निम्न लिखित ठेगानामा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र कुनै दाबी पर्न नआएमा नियमानूसार कम्पनी खारेज हुने व्यहोराको जानकारी समेत गरिएको छ ।

**लिक्विडेटर**
अधिवक्ता टिकाराम शर्मा लिक्विडेटर इ. नं. ४२३
ठेगाना: आई. एल. आइ. आर. सि. प्राइभेट लिमिटेड,
न्यूरोड, काठमाडौं
सम्पर्क नं. : ०१-५३५३७६९, मो. ९८४९०२५१२९,
इमेल : limspvtltd@gmail.com


# स्ववियु निर्वाचन तयारी तीव्र पार्दै नेविसंघ

**रासस**
काठमाडौं, १२ फागुन

नेपाली कांग्रेसको भ्रातृ सङ्गठन नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले आगामी चैतमा हुन लागेको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचनमा आफ्नो उम्मेदवारलाई जिताउने गरी तयारीलाई तीव्रता दिएको छ ।

त्रिभुवन विश्वविद्यालयले आगामी चैत ५ गते स्ववियु निर्वाचनको मिति घोषणा गरेसँगै नेविसङ्घले स्ववियु निर्वाचनमा आफ्ना उम्मेदवारलाई जिताउन तयारीलाई तीव्रता दिएको हो । नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पाले आगामी स्ववियु निर्वाचनमा आफ्ना उम्मेदवारलाई जिताउन विभिन्न पाँच समिति गठन गरेर चुनावी प्रचारलाई तीव्रता दिएको बताउनुभयो । उहाँका अनुसार नेविसङ्घले स्ववियु निर्वाचनका लागि घोषणापत्र तयारी, प्रचारप्रसार, प्रशिक्षण, विद्यार्थी समन्वय र सुरक्षा समन्वय समिति गठन गरेको हो । क्याम्पसदेखि विश्वविद्यालयसम्ममा प्रतिनिधि पठाउने कुरा अगाडि बढिसकेको उहाँले जानकारी दिनुभयो । नेविसङ्घले जिल्ला समिति गठनलाई समेत तीव्रता दिएको छ । लामो समयपछि हुन लागेको निर्वाचनमा यही फागुन १९ गते विद्यार्थी सङ्घसङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २५ गते मतदाता सूचीमा दाबी-विरोध तोकिएको छ । फागुन २६ गते उम्मेदवारको मनोनयनपत्र वितरण, फागुन २७ गते बिहान ११ देखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ ।

यस्तै, फागुन २८ गते बिहान ११ देखि दिउँसो २ बजेसम्म उम्मेदवारको नामावलीमाथि दाबी-विरोध र फागुन २८ गते साँझ ५ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशनको समय तोकिएको छ । स्ववियु निर्वाचनको कार्यतालिका प्रकाशनपछि क्याम्पसको वार्षिक प्रणालीअन्तर्गतका स्नातक प्रथम वर्षको विद्यार्थी भर्ना बन्द गरेको छ । प्रत्येक दुई-दुई वर्षमा हुने स्ववियु निर्वाचन त्रिविमा विगत एक दशकदेखि हुनसकेको छैन । प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन विसं २०६५ सालयता नियमित हुनसकेको छैन । हाल देशभर त्रिविका ६२ आङ्गिक र एकहजार ४० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् ।

# पुस्तकालयद्वारा विकट गाउँमा निःशुल्क पशु स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
वालिङ, १२ फागुन

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-१ मा अवस्थित विकट गाउँ खोर्दीमा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।

मातृभूमि सामुदायिक पुस्तकालय विर्घाको आयोजना तथा शान्ति भोलेन्टियर एसोसिएसन, रिड नेपाल र पशु सेवा शाखा कालीगण्डकी गाउँपालिकाको प्राविधिक सहयोगमा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको पुस्तकालयका अध्यक्ष राजेन्द्रप्रसाद पाण्डेयले बताउनुभयो।

पुस्तकालयका कार्यक्षेत्रभित्र सबैभन्दा विकटमा रहेको खोर्दीमा प्राविधिक ज्ञान सेवा कार्यक्रमअन्तर्गत शिविर सञ्चालन गरिएको अध्यक्ष पाण्डेयले बताउनुभयो । 'मुख्य गरी पुस्तकालयको कार्यक्षेत्रभित्र सबैभन्दा विकटमा रहेको खोर्दी गाउँमा प्राविधिक सेवाको पहुँच कम भएकाले शिविर सञ्चालन गरेका हौँ', उहाँले भन्नुभयो, 'कृषि तथा पशुपालनका लागि प्रचुर सम्भावना भएको यस गाउँमा पशुहरूको निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरी प्राविधिक सेवा उपलब्ध गराएका हौँ ।'

कृषि तथा पशुपालनका दृष्टिले पकेट क्षेत्र बनाउन सकिने भएकाले यहाँका कृषकलाई पशुपालन तथा कृषि कार्यका लागि प्राविधिक ज्ञान दिने उद्देश्यसहित पुस्तकालयले शिविर सञ्चालन गरेको हो । 'पुस्तकालयले पालिकाका सातवटै वडामा १२ वटा 'प्राविधिक ज्ञान सेवा समूह' गठन गरेको छ', उहाँले भन्नुभयो, 'उक्त समूहले आ-आफ्नो वडा, टोल तथा घरघरका सूचना तथा समस्याहरू पुस्तकालयलाई जानकारी गराउनुहुन्छ, प्राप्त जानकारीका आधारमा पुस्तकालयलेसम्बोधनगर्दैआएको छ ।' खोर्दीका स्थानीयहरूको माग नै पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने माग आएकाले औषधिसहितको प्राविधिक समूहमार्फत पशु चौपायाहरूको शिविर गरिएको हो । पशु स्वास्थ्य शिविरमा एमडिएच फर्मासिटिकल्स प्रालि काठमाडौं, डाबरआयुर्वेदलगायतलेनिःशुल्क औषधि उपलब्ध गराएका थिए। पशु स्वास्थ्य शिविरमा चार सय १० पशु चौपायाको उपचार तथा औषधि वितरण गरिएको कालीगण्डकी गाउँपालिकाका पशु सेवा शाखाका प्रमुख राजेश पाण्डेयले बताउनुभयो । ६१ घरधुरीले पाल्दै आएका भैँसी एक सय ३१, बाख्रा एक सय ६४, बङ्गुर ७८, कुखुरा ३७ गरी कूल चार सय १० वटा पशुचौपाया तथा पक्षीहरूको स्वास्थ्य परीक्षण गरी औषधि वितरण गरिएको शाखाप्रमुख पाण्डेयले जानकारी दिनुभयो।

गोबर परीक्षण ९१, औषधि उपचार एक सय १३, आन्तरिक तथा बाह्य परजीवी उपचार एक सय ६९, पशुहरूमा बाँझोपना, भाले नखोज्ने वा पटकपटक उल्टिने समस्याको उपचारहरू गरिएको थियो । विकट गाउँमै औषधिसहित पशु प्राविधिकहरूले स्वास्थ्य उपचार गरेसँगै कृषकहरु हर्षित भएका छन् । पशु चौपायाहरूको उपचारका लागि फुकाएर टाढाटाढा लैजान निकै समस्या हुने गरेकामा गाउँमै शिविर आएपछि धेरै राहत भएको स्थानीयहरूले बताएका छन्।

# चिकित्सक अभावले धवलागिरि अस्पतालको सेवा प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

विशेषज्ञसहित २३ चिकित्सकको दरबन्दी रहेको धवलागिरि अस्पताल बागलुङमा दरबन्दीका जम्मा दुई चिकित्सकमात्रै कार्यरत छन्।

एक मेडिकल सुपरिटेण्डेन्टसहित १६ विशेषज्ञ र छ मेडिकल अधिकृतको दरबन्दी रहेको उक्त अस्पतालमा निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा अमित ढुङ्गाना र डा अभिशेष वाग्ले मात्रै कार्यरत छन्।

दरबन्दीका चिकित्सक नआउँदा छात्रवृत्ति र करारका चिकित्सकको सहयोगमा बिरामीको उपचार भइरहेको धवलागिरिमा पछिल्लो समय छात्रवृत्ति र करारका चिकित्सकसमेत आउन नमान्दा उपचार सेवा प्रभावित भएको छ । चिकित्सक अभावमा धवलागिरिमा डेढ महिनादेखि अत्यावश्यक प्रसूति सेवा प्रभावित बन्दै आएको छ। विशेषज्ञ चिकित्सक नहुँदा सामान्य ओपिडी सेवामात्रै सञ्चालनमा ल्याइए पनि गर्भवतीको जटिल समस्या र शल्यक्रियाका लागि पोखरा सिफारिस गर्न अस्पताल बाध्य छ । प्रसूति विभागमात्रै होइन, चिकित्सक अभावमा बालरोग विभाग, नाक, कान तथा घाँटी रोग विभाग र छाला रोग विभाग बन्द अवस्थामा छ। अस्पतालमा अहिले चिकित्सक अभावमा ओपिडीदेखि इमर्जेन्सी तथा आइसीयूसम्मको सेवामा प्रभाव पारेको धवलागिरि अस्पताल बागलुङ्का निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा ढुङ्गानाले बताउनुभयो । "एक हप्ताअघिमात्रै गण्डकी प्रदेश सरकारले करारका दुई मेडिकल अधिकृत पठाएको छ, अहिले तत्कालका लागि स्त्रीरोग विशेषज्ञ र बालरोग विशेषज्ञसहित चिकित्सकको आवश्यकता छ, अभावका बीच अस्पतालको अन्य सेवा निरन्तररूपमा चले पनि प्रसूति विभाग, बालरोग तथा नाक, कान घाँटीरोग विभाग सञ्चालनमा कठिनाइ छ।"

डा ढुङ्गानाले भन्नुभयो, "छात्रवृत्तिका चिकित्सकको भरमा चल्दै आएको अस्पतालमा लामो समयदेखि दरबन्दीका चिकित्सक आउन सकेका छैनन्, छात्रवृत्तिका चिकित्सकको समयावधि सकिएपछि फर्कनुहुन्छ, कोरोना त्रासमा थपिएका करारका चिकित्सकको करार नवीकरण भएन, दरबन्दीका चार मेडिकल अधिकृत अध्ययन बिदामा हुनुहुन्छ ।" तत्कालै चार विशेषज्ञ र चार मेडिकल अधिकृत नभएसम्म अस्पतालका सबै विभाग सञ्चालन गर्न कठिन उहाँले बताउनुभयो। केही महिनाअघिसम्म छात्रवृत्तितर्फका ११ विशेषज्ञ चिकित्सक कार्यरत रहेको उक्त अस्पतालमा अहिले पाँच जनामात्रै विशेषज्ञ छन्। अस्पतालमा करार र छात्रवृत्तितर्फका गरी जम्मा छ र दरबन्दीका दुई १३ चिकित्सक कार्यरत रहेको धवलागिरिका प्रशासकीय अधिकृत तेजप्रसाद न्यूरेले जानकारी दिनुभयो।

"तेइस जनाको दरबन्दी रहेको अस्पतालमा जम्मा १३ चिकित्सक छन्, दरबन्दीका जम्मा दुईजना हुनुहुन्छ, अहिले अस्पतालमा सघन उपचारकक्ष, बाल सघन उपचारकक्षलगायत मानसिक रोग विभागसहित धेरै सेवा थपिएका छन्", उहाँले भन्नुभयो, "दरबन्दीअनुसारका मात्रैले समेत नथेग्ने अस्पतालमा अहिले चिकित्सकको अभाव छ, दैनिक ओपिडी शाखामा मात्रै अहिले चार सय बिरामी आउँछन्, अस्पतालको भौतिक पूर्वाधारसमेत धेरै बन्यो, तर अस्पतालमा दरबन्दीका चिकित्सक ल्याउनै सकिएन।"

चिकित्सक अभावबारे स्वास्थ्य मन्त्रालय र गण्डकी प्रदेश सरकारलाई पत्राचार गरिएको छ । छात्रवृत्तिका चिकित्सक समयावधि पुगेर फर्कनु र दरबन्दीका चिकित्सक अध्ययन बिदामा बस्दा समस्या भएको हो।

# दरबाङ खानेपानी आयोजना निर्माणले गति लियो

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

सुरु भएको छ वर्षपछि मालिका गाउँपालिका-६ को दरबाङ खानेपानी तथा सरसफाइ आयोजना निर्माणले गति लिएको छ।

विसं २०७४ फागुनदेखि सुरु भएको दरबाङ खानेपानी आयोजना निर्माणको कामले पछिल्लो समय गति लिएको हो । उपभोक्ता, उपभोक्ता समितिका पदाधिकारी, जनप्रतिनिधि र सम्बद्ध कार्यालयले चासो देखाएपछि केही महिनायता आयोजनाको अधुरा संरचना निर्माण धमाधम भएको जनाइएको छ । विसं २०७४ फागुनदेखि थालिएको दरबाङ खानेपानी आयोजनाको अहिलेसम्म ५० प्रतिशत काम सकिएको छ । प्रदेश सरकारको रु दुई करोड ९९ लाख ४० हजार नौ सय ३६ लागतमा उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिएको आयोजनाको आर्थिक वर्ष २०७२/७३ मा सर्वेक्षण गरिएको थियो।

खानेपानी आयोजना निर्माणमा भएको ढिलासुस्तीले स्थानीय प्रभावित भएका छन् । तीव्ररूपमा बस्ती र बजार विस्तार भइरहेको दरबाङमा पिउने तथा सरसफाइका लागि पानीको समस्या छ। खानेपानी उपभोक्ता समितिका सचिव खिमबहादुर पुनले मुख्य लाइन निर्माण सकेर ट्याङ्कीसम्म पानी खसालिएको र शाखा लाइन निर्माणको काम थालिएको बताउनुभयो। दरबाङका बासिन्दाले आयोजनाको शाखा र मुख्य पाइप लाइन खन्ने काममा श्रमदान गरिरहेका छन्। तीव्ररूपमा बस्ती विकास भइरहेको दरबाङमा खानेपानी अभावको समस्या हट्ने अपेक्षासहित श्रमदानमा जुटेको स्थानीय गोपाल गौतमले बताउनुभयो।

विसं २०७८ मा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना सङ्घीयता स्थापनासँगै खानेपानी कार्यालयको संरचना परिवर्तन, विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारी, २०७७ मा आयोजना निर्माण क्षेत्रको जङ्गलमा आगलागी हुँदा र वर्षात्को समयमा दरबाङ-दिच्याम सडकबाट खसेको पहिराले पाइप बगाउँदा निर्माणमा ढिलाइ भएको उपभोक्ता समितिका अध्यक्ष ओमप्रकाश शेरचनले बताउनुभयो।

उहाँका अनुसार उक्त आगलागीमा ९० एमएमको तीन सय मिटर, ६३ एमएमको एक हजार मिटर, ५० एमएमको नौ सय ५० मिटर पाइप जलेर नष्ट भएको थियो । चालू आवमा सम्पन्न गर्ने लक्ष्य राखेर आयोजना निर्माणलाई तीव्रता दिइएको उहाँले बताउनुभयो। "विविध कारण केही समय आयोजना निर्माणको काम रोकिएको हो", उहाँले भन्नुभयो, "सञ्चालन भएको आयोजना निर्माणलाई यो आवभित्र सम्पन्न गर्नेगरी तीव्रता दिएका छौँ।"

गाउँपालिकाको वडा नं ७ स्थित छिपछिपे, ढुनोट र वडा नं ६ गोजाखोला मुख्य मुहान तथा तेलचाप्रे, धाढखर्कमाथिको सहायक मुहानबाट पानी ल्याएर दरबाङ बजारमाथि निर्माण भएको १०० घनमिटर क्षमताको रिजर्भ ट्याङ्कीमा खसालिएको छ।

उक्त खानेपानी आयोजनाबाट प्रतिदिन ९९ हजार तीन सय ८५ लिटर पानी आपूर्ति हुनेछ । आयोजनाबाट दुई सय ९६ घरधुरीका एक हजार पाँच सय ४१ जनसङ्ख्या लाभान्वित हुनेछन्। अहिलेसम्म सबै मुहानमा ट्याङ्की, सङ्कलन र रिजर्भ ट्याङ्की निर्माण भएका छन्। मुहानबाट छ दशमलव ८० किमी मुख्य पाइप लाइन बिछ्याउने काम सकेर ट्याङ्कीमा पानी खसालिएको छ। तीन दशमलव ६८ किमी शाखा लाइनको पाइप बिछ्याउने र धारामा मिटर जडानको काम बाँकी छ। खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका इञ्जीनियर राजेश उलकका अनुसार कार्यालयले आयोजना निर्माणका लागि पाइपसहित आवश्यक सामग्री खरिद गरी आयोजना निर्माणस्थलसम्म ढुवानी गरिसकेको छ।

मालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले उपभोक्ता समिति र सम्बद्ध कार्यालयसँग छलफल र समन्वय गरेर निर्माणलाई गति दिइएको बताउनुभयो । "धेरै पटकको छलफल र समन्वयमार्फत दरबाङको प्रमुख खानेपानीको समस्या समाधानका लागि आयोजना निर्माणले गति लिने वातावरण बनेको हो", उहाँले भन्नुभयो, "चालू आवभित्रै दरबाङवासीको घरघरमा खानेपानी वितरण गर्ने लक्ष्यसहित तीव्रताका साथ काम भइरहेको छ।"

# आदिबराह मन्दिर पुनःनिर्माण

**रासस**
पर्वत, १२ फागुन

पर्वतको जलजला गाउँपालिका-२ पूर्णगाउँस्थित प्रसिद्ध ऐतिहासिक आदिबराह मन्दिरको पुनःनिर्माण गरिएको छ। तेह्रौँ शताब्दीमा जुम्लाबाट बसाइँ सरेर मल्लाज आएका घर्ती क्षेत्री र कार्की क्षेत्रीले २०४२ सालमा निर्माण गरेको आदिबराह ताल परिसरको मन्दिर २०७२ सालको भूकम्पबाट क्षत-विक्षत भएको थियो।

पुर्खाले निर्माण गरेको मन्दिर चन्दा जुटाएर पुनःनिर्माण गरिएको जलजला-२ का वडाध्यक्ष तथा मन्दिर पुनःनिर्माण समितिका अध्यक्ष प्रकाश जिसीले जानकारी दिनुभयो । "रु एक करोड ५० लाख चन्दा जुटाएर दुईवटा मन्दिर पुनःनिर्माण गरेका हौँ", उहाँले भन्नुभयो, "मन्दिर पुनःनिर्माणसँगै ऐतिहासिक र धार्मिक महत्वको आदिबराहलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने अभियानमा जुटेका छौँ।" मन्दिर पुनःनिर्माणका लागि हाल बेलायतमा बसोबास गर्नुहुने रवीन्द्रजङ्ग लामिछानेले बढी रु २५ लाख सहयोग गर्नुभएको छ। समुद्री सतहदेखि एक हजार नौ सय ५० मिटरको उचाइमा अवस्थित बराहताल तीन रोपनी आठ आना क्षेत्रफलमा फैलिएको छ। करिब तीन मिटर गहिरो यस तालको पृष्ठभूमिमा धवलागिरि र नीलगिरि हिमाल देखिन्छ । स्थानीय नवीन जिसीले भन्नुभयो, "बस्तीदेखि टाढा एकान्त वातावरणमा रहेको बराहताल र मन्दिर पर्यटक र पूर्वाधारको पर्खाइमा छ ।" यहाँबाट पर्वत, म्याग्दी र बागलुङका विभिन्न बस्तीको अवलोकन गर्न सकिन्छ। हिमालको छायाँ पर्दा ताल निकै आकर्षक र मनमोहक देखिन्छ। पर्वतको वारीबेनी हुँदै मल्लाजबाट दुई घण्टा उकालो हिँडेपछि बराहताल पुगिन्छ । अङ्ग्रेजी अक्षरको 'सी' आकारको तालको सौन्दर्य र विशेषता मल्लाजमै सीमित छ । आन्तरिक तथा बाह्य पर्यटकको आगमन हुनसकेको छैन । यो जलजला गाउँपालिकाको सबैभन्दा ठूलो ताल हो । बराहताल कहिल्यै सुक्दैन । तालको पानी पुरानो गाउँ र मल्लाजमा खानेपानी तथा सिँचाइका लागि समेत प्रयोग गरिएको छ। जनै पूर्णिमामा बराहतालमा विशेष मेला लाग्छ। त्यहाँ पूजाआजा र भाकल गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । सन्तान लाभ, रोजगारी, व्यापार, व्यवसायमा सफलताका लागि कामना गर्न त्यहाँ जाने गरेका छन् । मनोकामना पूरा भएपछि साँढे, बोका र परेवाको बलि चढाउने चलन छ।

तालको बीच भागमा अवस्थित बयसको रूख यहाँको अर्को आकर्षण हो। सोही रूखको फेदीमा रहेको जलबराह देवताको मूर्तिमा पूजाआजा गरिन्छ। ताल परिसरमा निर्माण भएको घर्ती क्षेत्री र कार्की थरका क्षेत्री समुदायको कूल मन्दिरलाई अन्य समुदायको पनि धार्मिकस्थलका रूपमा विकास गर्ने प्रयास गरिएको मन्दिर पुनःनिर्माण समितिको आर्थिक संयोजक डम्मरबहादुर जिसीले बताउनुभयो। पुनःनिर्मित मन्दिरको गत बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्नुभयो । उद्घाटन समारोहमा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, मुख्यसचिव शङ्करदास बैरागीलगायतको उपस्थिति थियो।

# राष्ट्रसङ्घमा युक्रेनको पक्षमा नेपालको मतदान

**रासस**
काठमाडौं, १२ फागुन

युक्रेनमाथि रुसले गरेको आक्रमणको निन्दा गर्दै युद्ध रोक्न आह्वान गरिएको राष्ट्रसङ्घीय प्रस्तावमा नेपालले युक्रेनको पक्षमा मतदान गरेको छ।

राष्ट्रसङ्घको मुख्यालय न्यूयोर्कमा बिहीबार भएको आकस्मिक विशेष साधारणसभामा भाग लिँदै नेपालले युक्रेनका पक्षमा मतदान गरेको हो । राष्ट्रसङ्घको कूल एक सय ९३ देशमध्ये एक सय ४१ देशले युक्रेनका पक्षमा मतदान गरेका थिए । साधारणसभाले पारित गरेको प्रस्तावमा रुसलाई सैन्य फिर्ता गर्न आग्रह गर्दै युद्ध रोक्न अपिल गरिएको छ। संयुक्त राष्ट्रसङ्घका लागि नेपाली स्थायी नियोग प्रमुख राजदूत अमृत राईले भन्नभुयो, "युक्रेनका पक्षमा मतदान भन्नुको अर्थ नेपाल युक्रेनको सार्वभौमसत्ता, स्वतन्त्रता र सम्प्रभुताको पक्षमा उभिएको हो। हामीले प्रस्तावका पक्षमा संवाद र कूटनीतिमा जोड दिँदै युक्रेनमा शान्ति स्थापनाको मार्ग पहिल्याउन अनुरोध गरेका हौँ ।"रुसले एक वर्षअघिदेखि युक्रेनमा आक्रमण गरेकाले विश्वव्यापीरुपमा आपूर्तिमा समस्या हुनाका साथै खाद्य असुरक्षा र मुद्रास्फीति वृद्धिका कारण गरिबी बढेकामा राष्ट्रसङ्घले चिन्ता व्यक्त गर्दै आएको छ । सन् २०२२ फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि अमानवीयरुपमा आक्रमण गरेको थियो । यसमा हजारौँको हताहती भएको बताइए पनि कतिले ज्यान गुमाए भन्ने यकीन तथ्याङ्क भने छैन । राष्ट्रसङ्घको प्रस्तावका विपक्षमा मतदान गर्ने देशमा बेलारुस, उत्तर कोरिया, इरिट्रिया, माली, निकारागुवा, रसिया र सिरिया छन्।

# त्रिभुवन आर्मी सेमिफाइनलमा

**रासस**
काठमाडौं, १२ फागुन

त्रिभुवन आर्मी क्लबले न्यू रोड टिम (एनआरटी) लाई पराजित गर्दै 'केपी ओली कप फुटबल प्रतियोगिता'को सेमिफाइनलमा प्रवेश गरेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा आज भएको खेलमा आर्मीले न्यूरोड टिम (एनआरटी) लाई टाइब्रेकरमा ५-४ गोलअन्तरले पराजित गर्दै सेमिफाइनलमा पुगेको हो। खेलको निर्धारित समयसम्म खेल १-१ को बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा पुगेको थियो । एनआरटीका लागि लाल्मिन्जामाले गोल गरेका थिए। खेलको ३२ औं मिनेटमा एनआरटीका भारतीय फरवार्ड लाल्मिन्जामाले उत्कृष्ट गोल गरे। त्यसपछि खेलको दोस्रो हाफमा आर्मी आत्मघाती गोलको सहयोगमा खेलमा फर्किएको थियो। आर्मीका लागि एनआरटि कप्तान विक्रम धिमाललाई लाग्दै गोल भएको थियो।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख यहि मिति २०७९ माघ १ गते अमरसिंहबाट महेन्द्रपुल जादाँ हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**

**नाम: संजिव भण्डारी**

**विमा लेख नं. २५२२२१००४**

**सम्पर्क नं.: ९८५११९०१३९**

**सम्पर्क :**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**पोखरा शाखा**


# सरकारले आकस्मिकरुपमा घोषणा गर्ने बिदामा बैंकले सेवा दिने

**रासस**
काठमाडौं, १२ फागुन

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको कार्यालय समयसम्बन्धी व्यवस्थामा संशोधन गरेको छ।

सरकारले आकस्मिकरुपमा घोषणा गर्ने सार्वजनिक बिदाका दिन पनि अब बैंक तथा वित्तीय संस्थाले सेवा दिनुपर्ने व्यवस्था राष्ट्र बैंकले ल्याएको हो।

'बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९' संशोधनमा संशोधन गर्दै राष्ट्र बैंकले आजबाट यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको जनाएको छ।

"नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक बिदाको सूचीका अतिरिक्त नेपाल सरकारबाट आकस्मिक बिदा घोषणा भएको दिन नगद कारोबार, चेक क्लियरिङ, रियल टाइम ग्रस सेटलमेन्टलगायतका अत्यावश्यक बैंकिङ सेवा प्रदान गर्न बिहान १० बजेदेखि दिउँसो १:३० बजेम्म बैंक तथा वित्तीय संस्थाका कार्यालय खुला राखी सेवा सुचारु गर्ने व्यवस्था मिलाउनुपर्नेछ", राष्ट्र बैंकको निर्देशनमा भनिएको छ।

यसअघि बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंक खुलेको दिनबाहेक अन्य दिन सेवा दिनुपरेमा बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरीवेक्षण विभागमा पूर्वजानकारी गराउनुपर्ने व्यवस्था रहेको थियो।

तर, अब आकस्मिकरुपमा घोषणा गरिएका सार्वजनिक बिदामा बैंक तथा वित्तीय संस्थाले अनिवार्यरुपमा सेवा दिनुपर्नेछ।